वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।





**ग्रामीण भिडियो एक्स-रे सेवा :** तनहुँको व्यास नगरपालिका-१ को चारकुने आधारभुत स्वास्थ केन्द्रमा ग्रामीण भिडियो एक्स-रे प्रविधिबाट गर्भवती महिलाको स्वास्थ्य परीक्षण गर्दै स्वास्थ्यकर्मी । केन्द्रले सुगर जाँच, पिसाब जाँच र स्वास्थ्य परामर्श, गर्भवतीको नियमित गर्भ परीक्षण, खोप सेवा र आवश्यकताअनुसार निःशुल्क ग्रामीण भिडियो एक्स-रे सेवा प्रदान गर्दै आएको छ । *तस्विर : भञ्ज्याङ*

# 'दाइजो बेचेर खाडी पसेकी थिएँ, अहिले घर जग्गा जोडेँ'

**मधु शाही**/काठमाडौं

माइतीले दिएको सुन बेचेर धुलिखेलकी सीता बजगाईं कुवेतमा घरेलु श्रमिकका लागि पुग्नुभयो । घर खर्च जुटाउन सुन बेचेर विदेशिनु उहाँको बाध्यता थियो । त्यसमा पनि साना नानीहरूलाई कोठा भाडामा राखेर समुन्द्रपारि जानु उहाँका लागि सजिलो थिएन।

डेढ दशकअघि घरेलु कामदारका रूपमा खाडी मुलुक पुग्दाका सङ्घर्ष सम्झिदा बजगाईंको जीवनमा धेरै सिक्ने र अनुभव गर्ने अवसर पाएको बताउनुहुन्छ। "सन्तान हेरिदिने कोही थिएन", उहाँ विगत सम्झँदै भन्नुहुन्छ, "ड्युटीबाट बिदा हुनेबित्तिकै छोराछोरीलाई भिडियोमार्फत फोन गर्थें, उनीहरूलाई सम्झाउँदै आफैं रुन्थें ।"

बजगाईंका श्रीमान् भए पनि पारिवारिक जिम्मेवारी र छोराछोरीको पालनपोषणमा ध्यान नदिएपछि कलिला नानी छोडेर विदेशिनु परेको थियो । परिवार धान्नका लागि वैदेशिक रोजगार रोज्नुपरेको आफ्नो बाध्यता रहेको उहाँ बताउनुहुन्छ ।

ती विगत थिए, अहिले भने बजगाईंको आर्थिक स्थिति सुल्झिएको छ । करिब डेढ दशक खाडीमा घरेलु श्रम गरेर जम्मा गरेको पैसाले उहाँमा आत्मविश्वास पलाएको छ। यतिमात्रै होइन उहाँ छोराछोरीको पढाइलेखाइसँगै घरजमिन जोड्न सफल हुनुभएको छ । "यदि विदेश नगएको भए आर्थिक उन्नति सम्भव थिएन", उहाँ भन्नुहुन्छ ।



बजगाईंले महिला भएकै कारण कानुनी रूपमा विदेश जाने अवसर नपाएपछि भारत हुँदै अवैध बाटोबाट कुवेत पुग्नुपरेको सङ्घर्षपूर्ण कथा सुनाउनुहुन्छ । उहाँले भाग्यले साथ दिएर घरेलु श्रमिकका रूपमा त्यहाँ रोजगार पाउनुभयो । सबैको हकमा यस्तै सहज हुन्छ भन्ने निश्चित भने नभएको उहाँ बताउनुहुन्छ । उहाँका अनुसार आफूसँगै गएका केही साथीहरूले निकै दुःख पाएका छन् । "खाडी मुलुकमा घरेलु श्रमिक महिला कामदारले राम्रो काम पाउनु भाग्यमानी सम्झनुपर्छ", उहाँ भन्नुहुन्छ ।

लामो समय वैदेशिक घरेलु श्रमिकका रूपमा काम गरेपछि उहाँले आर्जेको आम्दानीले अहिले धुलिखेलमा एक बिघा जग्गा किनेर कृषि कर्म सुरू गर्नुभएको छ । "विदेशमा त्यति दुःख नगरेको भए आज बस्ने बास पनि हुँदैनथ्यो", उहाँ भन्नुहुन्छ, "विवाहमा माइतीले दिएको सुन बेचेर खाडी पसेकी थिएँ, अहिले घर बनाएँ । जग्गा जमिन जोडेँ ।"

काभ्रेकी कृष्णामाया लामा पनि वैदेशिक रोजगारबाट यस्तै फरक कथा बोकेर फर्किनुभएको छ । दुई दशकअघि १५ महिनाको छोरालाई श्रीमान्को जिम्मा लगाएर घरेलु कामदारका रूपमा कुवेत जानुभएकी उहाँ पछि कतार, साउदी अरेबिया हुँदै दुबईसम्म पुग्नुभयो । केही महिनाअघि मात्र नेपाल फर्किनुभएकी लामा सुरूमा आफन्त र छिमेकीबाट आलोचित हुनुभएको थियो ।

"पहिला लोग्ने र छोरो छोडेर विदेश गएकी भनेर कुरा काट्थे । अहिले घर, सम्पत्ति र परिवार मिलेको देखेर तिनै मानिसहरूले प्रशंसा गर्छन्", उहाँ भन्नुहुन्छ । उहाँका अनुसार वैदेशिक रोजगारीले आर्थिक अवस्था मात्रै होइन, आफूमा आत्मविश्वास पनि बढाएको छ । उहाँ परिवारको खर्च धान्न महिलाले पनि सुरक्षित

बाँकी तेश्रो पेजमा

## रास्वपा व्यासमा विवाद चर्कियो

# सदस्यता खारेज गर्न सिफारिससंगै दाहालद्वारा कानुनी प्रतिकारको चेतावनी

**भञ्ज्याङ समाचारदाता**/दमौली

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) व्यास नगर समिति, तनहुँले पार्टी हितविपरीत गतिविधि गरेको आरोप लगाउँदै सदस्य राजु दाहालको सदस्यता खारेज गर्न जिल्ला कार्यसमितिमार्फत पार्टीको अनुशासन आयोगमा सिफारिस गर्ने निर्णय गरेको छ । नगर समितिको साउन १८ गते बसेको बैठकले व्यास नगरपालिका-३ निवासी सदस्य राजु दाहालले लामो समयदेखि पार्टी गतिविधिमा अनावश्यक हस्तक्षेप, गुटबन्दी तथा पार्टी हितविपरीत गतिविधि गर्दै आएको निष्कर्ष निकाल्दै सदस्यता खारेजीका लागि सिफारिस गर्ने निर्णय गरेको जनाएको छ ।



समितिका अनुसार दाहालले यसअघि सामाजिक सञ्जालमार्फत पार्टी परित्यागको घोषणा गरेका थिए। त्यसपछि पुनः पार्टीमा फर्कन निवेदन दिएपछि २०८२ माघ १२ गते बसेको बैठकले गुटबन्दी नगर्ने र पार्टीलाई इमान्दारीपूर्वक अघि बढाउने प्रतिबद्धताका आधारमा उनको सदस्यता सक्रिय गरेको थियो ।

तर पछिल्लो समय नगर, जिल्ला तथा प्रदेश अधिवेशनका क्रममा गुटबन्दी गर्ने, पार्टी हितविपरीत भेला आयोजना गर्ने, सार्वजनिक स्थानमा नेतृत्वप्रति कटाक्ष गर्दै कार्यक्रम गर्ने, स्थानीय तहका पद बाँड्दै हिँड्ने तथा छुट्टै समूह गठन गरी रास्वपाको नाममा कार्यकर्ता भेला गराएको आरोप नगर समितिले लगाएको छ ।

समितिले अनुशासनसम्बन्धी अन्तिम निर्णय नआउञ्जेल दाहाललाई पार्टीका कुनै पनि बैठक, भेला तथा गतिविधिमा सहभागी नगराउन सम्बन्धित सबै समिति तथा विभागलाई

बाँकी तेश्रो पेजमा

# गण्डकीमा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीको कानुनी बाटो खुल्यो

**भञ्ज्याङ समाचारदाता**/पोखरा

गण्डकी प्रदेशमा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेती गर्ने कानुनी आधार तयार भएको छ । प्रदेश सभाबाट दोस्रो पटक पारित भएको औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सोमबार प्रदेश प्रमुख डिल्लीराज भट्टबाट प्रमाणीकरण भएको हो ।

प्रदेश प्रमुख कार्यालयका प्रवक्ता प्रवीण पौडेलका अनुसार प्रदेश सभाबाट दोस्रो पटक पारित भई आएको उक्त विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (४) बमोजिम प्रदेश प्रमुखबाट प्रमाणीकरण गरिएको हो ।

यसअघि प्रदेश सभाले असार २५ गते विधेयक पारित गरी असार ३० गते प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पठाएको थियो । तर, प्रदेश प्रमुख भट्टले संघीय कानुनसँग बाझिन सक्ने विषय औंल्याउँदै संविधानको धारा २०१ को उपधारा (३) अनुसार साउन ८ गते तीन बुँदे सन्देशसहित पुनर्विचारका लागि प्रदेश सभामा फिर्ता पठाएका थिए।

प्रदेश सभाले भने प्रदेश प्रमुखका सुझाव स्वीकार नगरी साउन १५ गते विधेयकलाई यथावत् रूपमा दोस्रो पटक पुनः पारित गरेर प्रमाणीकरणका लागि पठाएको थियो। संविधानअनुसार प्रदेश सभाले दोस्रो पटक पारित गरी पठाएको विधेयक प्रदेश प्रमुखले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ ।

विधेयक प्रमाणीकरणसँगै गण्डकी प्रदेशमा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेती, उत्पादन, प्रशोधन, उपयोग, नियमन तथा व्यवस्थापनका लागि आवश्यक कानुनी आधार तयार भएको छ ।

प्रदेश प्रमुखले सन्देशसहित विधेयक फिर्ता गरेको यो घटना गण्डकी प्रदेशको संसदीय इतिहासमै पहिलो भएको प्रदेश प्रमुख कार्यालयले जनाएको छ ।

## सम्पादकीय ............



# स्वास्थ्य क्षेत्रको सुधार

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको एक दशक पूरा हुँदै गर्दा एउटा मूल प्रश्न अझै अनुत्तरित छ– के नागरिकले त्यो अधिकार व्यवहारमा अनुभूति गर्न पाएका छन् ? संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य तथा स्वास्थ्यसम्बन्धी जानकारीको अधिकार सुनिश्चित गरेको छ । तर, कागजी प्रत्याभूति र नागरिकको दैनिक अनुभवबीच अझै पनि ठूलो दूरी विद्यमान छ । संघीय शासन प्रणाली लागू भएसँगै स्वास्थ्य सेवा तीन तहमा बाँडिएको छ– संघीय तहमा नीति, प्रदेशमा समन्वय र स्थानीय तहमा सेवा प्रवाह । यस व्यवस्थाले स्वास्थ्य सेवा घरदैलोमै पुग्ने अपेक्षा गरिएको थियो । केही क्षेत्रमा सकारात्मक उपलब्धि पनि देखिएका छन् । खोप कार्यक्रमको विस्तार, मातृ तथा शिशु मृत्युदरमा आएको कमी, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको सुदृढीकरण तथा परिवार नियोजन र पोषण सेवाको विस्तारले ग्रामीण तहसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार भएको छ । स्वास्थ्य बीमा कार्यक्रमले पनि सीमित रूपमा भए पनि नागरिकलाई राहत दिएको छ । तर, उपलब्धिको यो तस्वीर पूर्ण छैन । दुर्गम क्षेत्रका नागरिक अझै सामान्य उपचारका लागि घण्टौं हिंड्न बाध्य छन् । धेरै स्वास्थ्य संस्थामा दक्ष जनशक्ति, आवश्यक उपकरण र औषधिको अभाव छ । कतिपय स्थानमा भवन बनेका छन्, तर सेवा प्रभावकारी छैन । शहर र गाउँबीचको गुणस्तरीय स्वास्थ्य सेवाको खाडल अझै गहिरो छ । निजी अस्पतालको महँगो उपचार र सरकारी अस्पतालको भीडबीच सर्वसाधारण नागरिक अन्योलमा परेका छन् ।

स्वास्थ्य बीमा कार्यक्रमसमेत अपेक्षाअनुसार प्रभावकारी बन्न सकेको छैन । बीमित नागरिकले सेवा लिन खोज्दा औषधि अभाव, ढिलासुस्ती र प्रशासनिक जटिलताले निराशा थपेको छ । यसले प्रणालीप्रति विश्वास कमजोर बनाउँदै लगेको छ, जुन दीर्घकालीन रूपमा झनै घातक हुन सक्छ । अर्कोतर्फ, नेपालको स्वास्थ्य क्षेत्र नयाँ प्रकृतिका चुनौतीसँग जुधिरहेको छ । सरुवा रोग नियन्त्रणमा प्रगति भए पनि नसर्ने रोग– मधुमेह, उच्च रक्तचाप, मुटुरोग र क्यान्सर– तीव्र रूपमा बढिरहेका छन् । बदलिँदो जीवनशैली, अस्वस्थ खानपान र शारीरिक निष्क्रियता यसको प्रमुख कारण हुन् । साथै, मानसिक स्वास्थ्य समस्या पनि गम्भीर बन्दै गएको छ । विशेषगरी युवापुस्तामा बढ्दो तनाव, डिप्रेसन र आत्महत्याका घटनाले स्वास्थ्य प्रणालीलाई नयाँ दृष्टिकोणबाट पुनःसंरचना गर्न बाध्य बनाएको छ । तनहुँ जिल्लाको अवस्था यस सन्दर्भमा प्रतिनिधिमूलक उदाहरण हो । संरचनागत रूपमा १ सयभन्दा बढी स्वास्थ्य संस्था सञ्चालनमा रहे पनि सेवा गुणस्तर र पहुँचमा समस्या कायमै छ । नसर्ने रोगको बढ्दो चाप, मानसिक स्वास्थ्य समस्या र मातृ स्वास्थ्यका कमजोर सूचकहरूले स्वास्थ्य प्रणालीमाथि प्रश्न उठाएका छन्। संस्थागत प्रसूति दर घट्नु, आइरन चक्की सेवन दर न्यून हुनुजस्ता तथ्यांकले आधारभूत सेवामा समेत सुधार आवश्यक रहेको संकेत गर्छन् । यद्यपि, खोप कार्यक्रम र क्षयरोग नियन्त्रणमा देखिएको प्रगति आशा जगाउने पक्ष हुन् । अब प्रश्न उठ्छ– समाधान के ? पहिलो, स्वास्थ्य सेवा विस्तार मात्र पर्याप्त छैन, यसको गुणस्तर र समान पहुँच सुनिश्चित गर्नु आवश्यक छ ।

दुर्गम क्षेत्रमा पूर्वाधार निर्माणसँगै दक्ष जनशक्ति व्यवस्थापन अनिवार्य छ । दोस्रो, स्वास्थ्य बीमा प्रणालीलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन सुधार अपरिहार्य छ । तेस्रो, नसर्ने रोग रोकथामका लागि जनचेतनामूलक अभियान, स्वस्थ जीवनशैली प्रवर्द्धन र नियमित स्क्रिनिङ कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । चौथो, मानसिक स्वास्थ्य सेवाको विस्तार अब विलासिता होइन, आवश्यकता बनिसकेको छ । त्यसैगरी, डिजिटल प्रविधि, टेलिमेडिसिन र कृत्रिम बुद्धिमत्ताको प्रयोगले दुर्गम क्षेत्रमा विशेषज्ञ सेवा पुर्‍याउने सम्भावना बढाएको छ । तर, यस्ता नवीन अभ्यासलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट समन्वय, पर्याप्त बजेट र कडाइका साथ कार्यान्वयन आवश्यक हुन्छ । अन्ततः स्वास्थ्य सेवा केवल नीति र कार्यक्रमको विषय होइन, यो राज्यको दायित्व र नागरिकको आधारभूत अधिकार हो । संविधानले मार्ग देखाइसकेको छ, तर त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने जिम्मेवारी राज्यका सबै तहले साझा रूपमा वहन गर्नुपर्छ । जबसम्म नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्दैनन्, तबसम्म स्वास्थ्य अधिकारको वास्तविक अर्थ अधुरै रहनेछ । अब समय आएको छ– स्वास्थ्य अधिकारलाई कागजबाट व्यवहारमा उतार्ने ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर–१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५–५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# हिमाल चढ्ने रहर, सुरक्षित फर्कने चुनौती




विश्वमा तीव्र गतिको आरोहणमा विशिष्ट पहिचान बनाउन सफल निम्स दाइको नामले परिचित कीर्तिमानी आरोही निर्मल पुर्जासहित नेपाली तथा अन्य मुलुकका १० पर्वतारोहीको पाकिस्तानस्थित 'ब्रोड पिक' हिमालमा हिमपहिरोमा परी दुःखद निधन भएपछि हिमालमा सुरक्षासम्बन्धी सन्दर्भ बहसको विषय बन्न पुगेको छ । निर्मल पुर्जाका सहयात्री पुरबहादुर गुरूङ युक्ताले सगरमाथा १० पटक आरोहण गर्नुका साथै विश्वका आठ हजार मिटर अग्ला १२ वटा हिमाल चढिसकेका थिए। यसपालि पनि हिमालमा ज्यानको बाजी थाप्दै कठोर परिस्थितिको सामना गर्दै आएका यी साहसीको प्रकृतिका अघि कुनै जोर चलेन । यो घटनाले विश्वमै हिमाली गतिविधिको केन्द्र मानिएको नेपाल जस्तो मुलुकलाई अझ बढी क्षति पुर्‍याएको छ ।

विगतमा झण्डै आठ वर्ष लगाएर विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालको आरोहण गरी दक्षिण कोरियाका किम चाङ होले बनाएको विश्व कीर्तिमान छ महिना छ दिनमै भङ्ग गर्न सफल आरोही निर्मल पुर्जाका लागि आठ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल कुनै नौलो थिएन । उनले १० नेपालीसँगै हिउँदमा पहिलोपटक विश्वको दोस्रो अग्लो शिखर के टू हिमाल चढेर विश्व कीर्तिमान स्थापित गरेका थिए । उनले अन्य थुप्रै विश्व कीर्तिमानहरु समेत बनाइसकेका छन् । त्यस्ता अनुभवी पर्वतारोहीको हिमालमै अवसान हुनु सामान्य प्रसङ्ग होइन । सोही दुर्घटनामा अन्य अनुभवी आरोहीले पनि हिमालमै प्राण त्याग्नु परेको थियो ।

नेपालका हिमालहरु कैयौं दशक अघिदेखि नै विश्वभरिका पर्वतारोही तथा साहसिक पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दै आइरहेका छन् । हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी आरोहीहरु विश्वको सर्वोच्च शिखर तथा अन्य विभिन्न हिमाल आरोहणमा संलग्न हुने गरेका छन् । पर्वतीय पर्यटनबाट मुलुकले उल्लेखनीय आर्थिक लाभ प्राप्त गरिरहेको छ तर हिमालप्रतिको बढ्दो आकर्षणसँगै हिमाली क्षेत्रमा दुर्घटनामा परेर कैयौं पर्वतारोहीले ज्यान गुमाएका छन् । गत वसन्त ऋतुमा सगरमाथा र मनास्लु हिमालमा गरी सात जनाको निधन भएको थियो । यस्तै मौसमजन्य जोखिम, उद्धारको चुनौती र उचित सुरक्षा व्यवस्था पनि गम्भीर मानिएका छन् । हिमाललाई सुरक्षित गन्तव्यका रूपमा स्थापना गर्न जोखिमप्रतिको सचेतता तथा प्रभावकारी सुरक्षा प्रणाली अपरिहार्य बनेको छ ।

### सुरक्षाका उपायहरु

हिमालमा पर्वतारोहीको सुरक्षाका लागि योग्यता र अनुभव महत्वपूर्ण मानिएको छ। पर्वतारोहीले पर्वतारोहणसम्बन्धी तालिम अनिवार्य रूपमा हासिल गरेको हुनुपर्ने तथा निश्चित उचाईका हिमाल आरोहण गरेपछि मात्र उच्च हिमाल चढ्ने अनुमति दिने व्यवस्था हुनु आवश्यक छ । प्रस्तावित पर्यटन विधेयकमा सगरमाथा आरोहणका लागि सात हजार मिटरभन्दा अग्लो कुनै नेपाली हिमाल आरोहण गरेको प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। आरोहण अनुमति पाउन स्वास्थ्य अनुमतिपत्र पनि अनिवार्य गरिएको छ ।

मौसमको भरपर्दो पूर्वानुमानको व्यवस्था, गुणस्तरीय उपकरणको प्रयोग पनि महत्वपूर्ण मानिन्छ । खोज तथा उद्धार टोलीलाई चौबिसै घण्टा सजग राख्दै सञ्चार प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । यस्तै सरकारी नीति नियम लागू गर्न सम्बन्धित निकायको सक्रियता पनि आवश्यक पर्दछ। यसक्रममा सुरक्षा मापदण्ड पालना नगर्नेलाई तत्काल कारबाही गर्न पछि पर्न हुँदैन ।

### 'ट्राफिक जाम'को सन्दर्भ

सगरमाथामा बेलाबखत 'ट्राफिक जाम' अर्थात् एकैपटक धेरै आरोहीहरूको भीड हुने गरेको सन्दर्भ पनि उठ्ने गर्दछ । एकै समयमा सगरमाथाको शिखरतर्फ प्रस्थान गर्ने मार्गमा आरोहीहरु भीड लागेको तस्बिर सार्वजनिक भएका छन् । यसै क्रममा सगरमाथालगायतका हिमालको बहन क्षमताबारे पनि चर्चा हुन थालेको छ । गत वसन्त ऋतुमा सम्पन्न पर्वतारोहण गतिविधि सम्बन्धमा केही दिनअघि आयोजित समीक्षात्मक छलफलमा सगरमाथालगायतका हिमालमा एकै याममा कति आरोहीलाई आरोहण गराउन सकिन्छ गहिरो र यथार्थपरक अध्ययनको आवश्यकता रहेको औँल्याइएको थियो ।

हिमालमा व्यवस्थापन गर्ने विषयमा विज्ञहरु भूगर्भविद्लगायतको सल्लाह र सुझावमा राज्यले नीति स्पष्ट पार्नुपर्ने अवस्था देखिएको छ । सगरमाथामा निर्धारित समयभित्र 'रोप फिक्सिङ' गरी शिखरसम्म जाने बाटो खुल्ला गर्न सकिएमा जति धेरै आरोही भए पनि फरक नपर्ने धारणा पनि सो कार्यक्रममा व्यक्त भएको थियो । हिमाल आरोहणबाट सरकार तथा व्यवसायी एवं श्रमिकहरूलाई फाइदा हुने हुँदा यसलाई ट्राफिक जामसँग तुलना गर्न नहुने तर्क पनि रहेको छ ।

### हेलिकोप्टरको तयारी

विदेशी आरोहीहरु विभिन्न कीर्तिमान कायम गर्ने लक्ष्यका साथै सुरक्षित हिमाल आरोहणका लागि नेपाल आउन गरेका छन् । नेपालका अनुभवी तथा भरपर्दा पथप्रदर्शकहरु विदेशी आरोहीहरूका लागि प्रमुख आकर्षण बन्दै आएका छन् । नेपालमा आरोहण गर्न आउँदा हिमालमा २३ हजार फिटसम्म कुनै आपत्कालीन अवस्था परेमा हेलिकोप्टरबाट पनि उद्धार गर्न सकिने व्यवस्था भएकाले आरोहण अभियान सञ्चालनकर्ताहरु ढुक्क हुने गरेका छन् । हिमाली भेगमा हेलिकोप्टरबाट उद्धार गरिने 'लाइफलाइन रेस्क्यू'का लागि सीमित मात्रामा भए पनि उपकरण तथा जनशक्तिको उपलब्धताले पर्वतारोहीहरूलाई राहतको अनुभूति गराउने गरेको छ ।

विदेशमा यस्तै उद्धार गरिँदा पचासौँ हजार डलर लागत पर्नेमा नेपालमा सुलभ मूल्यमा उद्धार गर्न सकिने अवस्था रहेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिकप्टरमा दुईजना पाईलटको व्यवस्था गरेपछि हेलिकोप्टरको क्षमता भएतापनि १८ हजार फिटभन्दा माथि एकजनाको मात्र उद्धार गर्न पाउने अवस्था रहेको छ।

### हिमालमै ज्यान गुमाएकाहरु

हिमालमा आरोहणका क्रममा निधन भएका आरोही तथा अन्य सहयोगीहरूको शव अहिले पनि विभिन्न हिमालमा देख्न सकिन्छ । शव उठाउने काम पनि उद्धार नै भएकाले त्यसलाई सहज बनाउनुपर्ने देखिएको छ । यसका लागि स्पष्ट नीतिको आवश्यकता महसुस गरिएको छ । सर्वोच्च अदालतले सगरमाथाको दोस्रो शिविरभन्दा माथिबाट हेलिकप्टरले मानवीय उद्धार मात्र गर्ने गरी आदेश दिएकाले मृतक आरोहीको शव ल्याउन कठिनाई भइरहेको छ । मृत शरीरलाई बेग्लै ढाँचा वा इन्सुरेन्सको प्याकेजबाट ल्याउन पहल गर्नु आवश्यक देखिएको छ ।

### घट्दो पथप्रदर्शक

नेपालका हिमालप्रति आकर्षित भएर आउने विदेशी आरोहीहरूको संख्या बढे पनि त्यस्ता आरोहीलाई हिमाल चढ्दा बाटो देखाउने नेपाली पथप्रदर्शकहरूको संख्या भने दिनहुँ घटिरहेको छ । नेपाली युवाहरूको विदेशप्रतिको आकर्षणले पर्वतारोहण क्षेत्रमा पनि जनशक्ति घट्दै

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला ।

**वृष**
विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

**मिथुन**
परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ ।

**कर्कट**
रिसाउने तथा काम बिग्रने डरले सताउनेछ । दीर्घकालीन योजनामा निर्णय लिन हतार नगर्नुहोला ।

**सिंह**
प्रेम र मित्रताको बन्धन कसिनेछ भने विशेष उपहारले काममा उत्साह जगाउनेछ ।

**कन्या**
आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । प्राप्त उपलब्धि जोगाउने प्रयास गर्नुहोला ।

**तुला**
नियमित काममा साबिकजस्तै फाइदा भइरहनेछ। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ ।

**वृश्चिक**
परिबन्धले समस्या निम्त्याउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला।

**धनु**
नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ ।

**मकर**
प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**कुम्भ**
परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला ।

**मीन**
विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

# 'दाइजो बेचेर खाडी ......

र कानुनी रूपमा विदेशमा काम गर्न पाउने वातावरण राज्यले बनाउनुपर्ने आवश्यकता औंल्याउनुहुन्छ ।

नेपाल सरकारले खाडी मुलुकमा घरेलु कामदारका रूपमा महिलाको श्रम आप्रवासनमा लामो समयदेखि विभिन्न प्रतिबन्ध लगाउँदै आएको छ । तर, प्रतिबन्धका बाबजुद महिलाहरु भारतलगायत तेस्रो मुलुक हुँदै अनौपचारिक बाटोबाट विदेश जाने क्रम भने रोकिएको छैन । महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालकी अध्यक्ष सविता पोखरेलका अनुसार कानुनी प्रक्रिया बाहिर गएर वैदेशिक रोजगारीमा जाने महिलाहरु श्रम शोषण, हिंसा, तलब नपाउने, उद्धारमा कठिनाइ तथा कानुनी संरक्षण नपाउनेलगायत गम्भीर समस्यामा पर्ने गरेका छन्।

श्रमजीवी महिला मञ्चकी अध्यक्ष भीमा लुइँटेल पनि आफू पर्यटक भिसामा इजरायल पुगेको र त्यहाँबाट घरेलु काममा लगाइएको अनुभव सुनाउनुहुन्छ । सुरुमा दुर्गम क्षेत्रमा रहेको एक परिवारको घरमा कठिन परिस्थितिमा काम गर्नुपरेको र पछि अर्को घरमा सरेपछि अवस्था केही सहज भएको उहाँ बताउनुहुन्छ।

सन् २००६ देखि २०१२ सम्म विदेशमा काम गरेर नेपाल फर्किनुभएकी लुइँटेल अब भने स्वदेशमै अटोरिक्सा चलाउँदै जीविकोपार्जन गर्दै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, "विदेश नजाँदा घर बाहिरको काम गर्न डर लाग्थ्यो। अहिले आफैँ अटोरिक्सा चलाउने भएकी छु । विदेशले धेरै कुरा सिकायो ।"

ओरेकले गरेको अनुसन्धान अनुसार नेपालले सन् २०१७ मा श्रमिकलाई घरेलु श्रमिकका रूपमा वैदेशिक रोजगारीमा जान लगाएको प्रतिबन्धका कारण विशेषत: कागजविहीन महिला घरेलु श्रमिकहरूको वास्तविक संख्या यकिन गर्न कठिन छ । यद्यपि, खाडी तथा मलेसियाजस्ता मुख्य गन्तव्य मानिएका देशहरूमा आठ लाखभन्दा बढी नेपाली श्रमिक रहेकामा ६० हजार महिला श्रमिक कागजविहीन रहेका ओरेकले अनुमान गरेको छ। महिला श्रमिकको तथ्याङ्क हेर्दा विगत १४ वर्ष (२०१० देखि २०२४) सम्म चार सय जनाको मृत्यु भएको देखिन्छ ।

सन् २०११ मा सात प्रतिशतभन्दा कम रहेको महिला श्रमिकको हिस्सा सन् २०२१ मा करिब ११ प्रतिशत पुगेको छ । श्रम स्वीकृतिको तथ्याङ्कअनुसार सन् २००८/९ मा चार प्रतिशतभन्दा कम रहेको महिला श्रमिकको हिस्सा सन् २०२३/२४ मा झण्डै १३ प्रतिशत पुगेको छ ।

बर्नेल युनिभर्सिटी अफ लन्डनका अनुसन्धानकर्ता आयुष भगतले 'ब्यान्ड टु डेथ' शीर्षकको अनुसन्धानको प्रारम्भिक निष्कर्षले महिला श्रमिकमाथि लैङ्गिक आधारमा लगाएको प्रतिबन्धले महिलाको मानवअधिकार खुम्चिएको उल्लेख छ। खासगरी नेपालले पहिलोपटक सन् २०१७ मा लागू गरेको प्रतिबन्धपछि औपचारिक रूपमा महिलाको श्रम आप्रवासन घटे पनि वास्तविक रूपमा खाडी मुलुकमा जाने महिलाको सङ्ख्या घटेको छैन । अनुसन्धानको अनुमानित तथ्याङ्क अनुसार हाल ६० हजारदेखि एक लाखसम्म नेपाली महिला खाडी मुलुकमा घरेलु कामदारका रूपमा कार्यरत छन् भने अनौपचारिक माध्यम प्रयोग गर्नेहरूको संख्या अझ बढी हुनसक्ने देखिन्छ ।

अनुसन्धानकर्ता भगतको रिसर्च प्रतिवेदनमा प्रतिबन्धले महिलालाई सुरक्षित रोजगारीबाट रोक्नुको सट्टा झन जोखिमपूर्ण र अनौपचारिक बाटो रोज्न बाध्य बनाएको निश्कर्ष निकालेको छ । यसले उनीहरूलाई श्रम शोषण, मानव बेचबिखन, बेपत्ता हुने, मृत्यु हुने तथा उद्धार र कानुनी संरक्षणबाट बञ्चित हुने जोखिमसमेत बढाएको पनि प्रतिवेदनमा उल्लेख । उक्त प्रतिवेदनमा कोभिड–१९ महामारीका बेला यस्तो समस्या स्पष्ट देखिएको थियो ।

सरकारले वैदेशिक रोजगारमा जाँदा हिसाबमा परेका नागरिकको उद्धार प्रक्रियामा समेत विभेद रहेको छ। औपचारिक श्रम प्रणालीमा दर्ता भएका कामदारलाई मात्रै उद्धारको प्राथमिकता दिइँदा अनियमित माध्यमबाट विदेश गएका धेरै नेपाली महिला राज्यको सहयोगबाट बञ्चित भएका थिए। पछि मापदण्ड संशोधन गरिए पनि उक्त घटनाले प्रतिबन्धका कारण अनौपचारिक आप्रवासनमा जाने महिलाले राज्यको संरक्षण गुमाउने अवस्था सिर्जना भएको तथ्य उजागर गरेको थियो । अनुसन्धानकर्ता भगतले लैङ्गिकताका आधारमा महिलामाथि वैदेशिक रोजगारमा जाने अवसर रोक लगाउन नहुने बताउनुहुन्छ।

विदेश गएर घरको आर्थिक र पारिवारिक स्थिति सुधार्ने मात्रै नभई देशकै अर्थतन्त्रमा सहयोग पुऱ्याउँदै आएको उहाँ बताउनुहुन्छ। तर, राज्यले भने महिला कामदारलाई विदेशमा श्रम गर्न जाने वैधानिक बाटो खुला र व्यवस्थित गर्नु उचित हुने उहाँको अनुसन्धानको जोड छ । उहाँ भन्नुहुन्छ, "समान रोजगार प्रदान गर्नु राज्यको दायित्व पनि हो ।"

अनुसन्धानको प्रतिवेदनको निष्कर्षमा महिलाको वैदेशिक रोजगारीमाथि प्रतिबन्ध लगाउने नीति प्रभावकारी नभई उल्टै उनीहरूलाई थप असुरक्षित बनाउने माध्यम बनेको छ । त्यसैले प्रतिबन्ध भन्दा सुरक्षित, व्यवस्थित र अधिकारमा आधारित श्रम आप्रवासन नीति आवश्यक रहेको विषयमा जोड गरिएको छ । रासस

# करदाता प्रोत्साहन उपहार कार्यक्रम: १५ दिनमा १० लाखभन्दा बढी योग्य कारोबार

रासस/काठमाडौं

करदाता उपहार प्रोत्साहन कार्यक्रमका लागि योग्य कारोबार संख्या सोमबार ११ लाख नजिक पुगेको छ । आन्तरिक राजस्व विभागका अनुसार आज दिउँसोसम्म यस्तो उपभोक्ता कारोबार संख्या १० लाख ८२ हजार ६२२ पुगेको हो । यसमा क्यूआरबाट गरिएको कारोबार र नगद कारोबार गरी प्रविष्ट (अपलोड) गरिएको बिल संख्यासमेत समावेश छन् । उपहार घोषणा हुनुअघिसम्म नगद कारोबारमा उपभोक्ताले प्राप्त गरेको भौतिक बिजक अझै पनि पठाउन सकिने भएकाले यो संख्या बढ्ने अनुमान विभागले गरेको छ । विभागका सूचना अधिकारी केशव रघुवंशीका अनुसार साउन १ गतेदेखि साउन १५ गतेसम्म क्यूआरबाट कारोबार गरेका १० लाख ७४ हजार ७९६ कारोबार उपहार कार्यक्रमका लागि योग्य छन् ।

यस्तै, शनिबारदेखि खुला गरिएको भौतिक बिल अपलोड गर्ने सुविधामा पनि उल्लेख्य मात्रामा उपभोक्ताहरु सहभागी छन् । "आज मध्याह्नसम्म उपहारका लागि कूल १० लाख ८२ हजार ६२२ वटा कारोबार र बिल योग्य देखिएका छन्", उहाँले भन्नुभयो, "जसमा क्यूआरबाट कारोबार गरेका १० लाख ७४ हजार ७९६ छन् भने नगद कारोबार गरेर प्राप्त बिल पेस गरिएको संख्या तीन हजार ४२७ रहेको छ ।"

विभागले पहिलो १५ दिन (साउन १ देखि १५ गतेसम्म) मा १५ जनालाई दैनिक रू एक/एक लाख र एक जनालाई बम्परमा रू १० लाख पुरस्कार दिने गरी छिट्टै उपहार घोषणा गर्दै छ । पहिलो प्रोत्साहन कार्यक्रम साउन १६ गते सार्वजनिक गर्ने घोषणा गरिए पनि प्राविधिक तयारी नपुगेकाले केही ढिलाइ भएको विभागले जनाएको छ ।

विभागले पहिलो प्रोत्साहन उपहार घोषणा गर्ने अघिल्लो दिनसम्म नगद कारोबार गरेर बिल लिएका उपभोक्तालाई आफ्नो बिल प्रणालीमा प्रविष्ट गर्न अनुरोध गरेको छ। विभागले शनिबारदेखि करदाता प्रोत्साहन पोर्टल सञ्चालनमा ल्याएको छ । चालु आर्थिक वर्षको बजेटमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले करदातालाई प्रोत्साहन गर्न करदाता प्रोत्साहन कार्यक्रम घोषणा गर्नुभएको थियो । कार्यक्रम अन्तर्गत १०० रुपैयाँभन्दा बढीको वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ता प्रोत्साहन कार्यक्रममा सहभागी हुन सक्नेछन्। जसलाई सरकारले हरेक दिन एक जनालाई कर कट्टी गरेर रु एक लाख र १५/१५ दिन गरेर महिनामा दुई जनालाई बम्परमा रु १०/१० लाख उपहार दिनेछ । बम्पर उपहारको रु १० लाख नगदमा भने करकट्टी हुनेछ ।

# हिमाल चढ्ने रहर, सुरक्षित ...........

गएको छ। हिमालमा विभिन्न पेसामा काम गरी विदेश गएकाहरु कैयौं अन्य पेसामा समेत आबद्ध हुन पुगेको अवस्था रहेको छ भने केही नेपाली पथप्रदर्शकले विदेशका विभिन्न हिमालमा आरोहीहरूलाई मार्गनिर्देशन गर्ने कार्य गर्दै आइरहेका छन्। आगामी दिनमा पर्वतीय पथप्रदर्शक लगायत हिमालमा काम गर्ने अन्य श्रमिकहरु उचित मात्रामा उत्पादन गरेर यो क्षेत्रमा विदेशी श्रमिक भित्रिनसक्ने सम्भावनालाई रोक्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

**धेरैपछि तालिम सञ्चालनको पहल**

नेपाल पर्वतारोहण संघले लामो समयदेखि पर्वतारोहीहरूका लागि आधारभूत र एड्भान्स (विशिष्टीकृत) प्रशिक्षण प्रदान गर्दै आइरहेको थियो। हिमाल चढ्न अभिरुचि राख्नेहरूका लागि ती तालिमहरु अत्यन्त उपयोगी सावित मानिन्थ्यो तर कोभिड महामारीपछि विश्वव्यापी प्रकोपपछि यस्ता तालिम पुन: सञ्चालन हुन सकेका छैनन् । यसको असर पर्वतारोहणमा समेत पर्न गएको छ। यस्ता प्रशिक्षण नियमित रूपमा सञ्चालन गर्न सरकारले पनि सघाउनुपर्ने देखिएको छ । विगतमा मनाङमा रहेको पर्वतारोहण प्रशिक्षण स्कुलमा यस्ता तालिम दिने गरिएको थियो । त्यो स्कुलको भवन जीर्ण भएकाले पुनःनिर्माण गरेर फेरि तालिम सञ्चालन गर्न आवश्यक तयारी गरिएको छ । यो वर्ष एउटा तालिम सञ्चालन गरिने लक्ष्य राखिएको छ।

नेपालका हिमालहरु राष्ट्रिय गौरवका आधार हुन् तर हिमालप्रतिको आकर्षणलाई मात्र केन्द्रबिन्दुमा राखेर यसको दिगोपन सुनिश्चित हुन सक्दैन । बढ्दो आरोहण गतिविधिसँगै आरोही तथा आरोहणमा संलग्न अन्य सहयोगीहरूको सुरक्षाप्रति सचेत हुनु अत्यावश्यक देखिएको छ । संसारका विभिन्न मुलुकबाट नेपाललाई रोज्दै हिमाल चढ्न आएका आरोहीहरूलाई साहसिक अभियान सम्पन्न भएपछि सकुशल घर फर्काउने जिम्मेवारी समग्रमा नेपालकै हो ।

यस्तै आफ्नो ज्यान समेत जोखिममा राखेर अतिथिलाई सघाउँदै आएका साहसी नेपाली सहयोद्धाको सुरक्षा पनि त्यति नै महत्वपूर्ण हुन्छ । यसैले जिम्मेवार पर्यटन संस्कृतिलाई महत्व दिनु समयको माग हो । हिमालले अवसर मात्र नभई जिम्मेवारी पनि साथै ल्याउने तथ्यलाई सबै सरोकारवालाले आत्मसात् गर्नसके मात्र हिमाली पर्यटन सुरक्षित र दिगो बन्न सक्दछ । रासस

## व्यक्ति एउटै भएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला साविक भगवतिपुर गा.वि.स.–५ हाल घिरिङ गा.पा. वडा नं.-४ निवासी भारतीय भु.पु.सै.नं. ११३३४९ हवल्दार ११ आसम राइफल्स पल्टनका **नर बहादुर रानाको** श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर **ज्ञानी माया राना** र **जन्म मिति** २०२०/०२/१४ (28-05-1963A.D.) भएको र निजको पेन्सन अभिलेखमा श्रीमतीको नाम थर **ज्ञानी माया** र **जन्म मिति** २०१२/०३/१७ (1-7-1955 A.D.) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी घिरिङ गा.पा. वडा नं. ४ को वडा कार्यालयको च.नं. २० मिति २०८३/०४/१२ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ ।**

# रास्वपा व्यासमा विवाद.........

अनुरोधसमेत गरेको छ ।

यसैबीच, रास्वपाका महाधिवेशन प्रतिनिधि राजु दाहालले नगर समितिको निर्णयप्रति गम्भीर असहमति जनाएका छन् । सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत जारी विज्ञप्तिमा दाहालले तथ्यभन्दा बाहिर गएर आधारहीन आरोप लगाइएको भन्दै उक्त निर्णय लोकतान्त्रिक मूल्य, प्राकृतिक न्याय र संगठनात्मक मर्यादाविपरीत रहेको बताएका छन्। उनले आफूले व्यावसायिक कारणले पार्टीबाट केही समय विश्राम लिँदा तथा पुनः सदस्यता नवीकरणका क्रममा दिएको निवेदन सार्वजनिक गर्न नगर समितिलाई चुनौती दिँदै त्यसको मर्मविपरीत मनगढन्ते आरोप लगाएर कारबाही प्रक्रिया अघि बढाइएको दाबी गरेका छन्।

दाहालले पार्टीका इमान्दार कार्यकर्तामाथि पक्षपातपूर्ण व्यवहार भइरहेको आरोप लगाउँदै निर्वाचनका बेला पार्टी र तनहुँ–१ का उम्मेदवार डा. स्वर्णिम वाग्लेविरुद्ध अभिव्यक्ति दिने व्यक्तिहरूलाई संरक्षण गरिएको तथा सीमित व्यक्तिको पदलोलुपताका कारण पार्टीभित्र गुटबन्दी मौलाएको टिप्पणी गरेका छन् ।

आफूहरु अन्यायको मौन दर्शक नबन्ने उल्लेख गर्दै उनले सत्य, न्याय र लोकतान्त्रिक मूल्यको पक्षमा आवश्यक परे कानुनी तथा लोकतान्त्रिक सबै माध्यमबाट प्रतिकार गर्ने चेतावनी दिएका छन्। साथै, आफ्नो अभियान पार्टीविरुद्ध नभई पार्टीभित्र मौलाएको गलत प्रवृत्तिविरुद्ध रहेको दाबी गर्दै परिवर्तनका पक्षधर कार्यकर्तालाई एकताबद्ध रहन आह्वान गरेका छन् ।

"दिगो जीवनको स्वस्थ सुरुवात: प्रभावकारी स्तनपानको लागि सबैको साथ"

## विश्व स्तनपान सप्ताह, १-७ अगस्ट

**१६ देखी २२ श्रावण, २०८३**

- शिशु जन्मिए पछि जतिसक्दो चाँडो (१ घण्टा भित्र) आमाको दूध (बिगौती दूध) खुवाऔं।
- शिशुलाई जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दूध मात्र खुवाऔं।
- बालबालिकालाई ६ महिना पूरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं।





- आमाको दूध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसंग लड्न सक्ने क्षमतालाई बढाउँछ।
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्छ।
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दूध बाहेक अन्य कुनै किसिमको दूध नखुवाऔं। दूधपानी/बोतलको प्रयोग नगरौं।

स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई सम्पर्क गर्नुहोला।

घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**पहिरोले पक्की घर बगायो :** गोरखा नगरपालिका–९ लक्ष्मीबजार दिवामार्गमा अविरल वर्षापछि आएको पहिरोले एक तीनतले पक्की घर बगाएको छ । घरभित्र रहेका ५८ वर्षीय टोखान महतो घाइते भएका छन् । उनको उद्धार गरी प्रदेश अस्पताल गोरखामा उपचारका लागि पठाइएको छ । घटनामा अर्को एक पक्की घरमा पनि आंशिक क्षति पुगेको प्रहरीले जनाएको छ । *तस्विर : भञ्ज्याङ*

facebook twitter



**Bishnu Rijal**
x.com/bishnurijal1

सवाल कुनै सरकार वा पार्टीको मात्र होइन । हाम्रो देश सलाईको काँटीमा उभिएको प्रतीत भइरहेको छ । चार घण्टामा राज्यविहीन हुने देशमा ठूलो विदेशी लगानी भित्रिएला, विश्व समुदायले विश्वास गर्ला र नेपालको आर्थिक विकासले फड्को मार्ला भन्ने कुरा अहिलेका लागि काल्पनिक मात्र हुन्छ ।
दुई–चार जना हुल्लडबाजहरूले सुरु गरेको मधेसको धार्मिक आगो निभ्याउन सिंगो राज्य नै लाग्दा पनि हम्मेहम्मे भयो । राज्य कति कमजोर भएछ भन्ने एउटा सबकका रूपमा यस घटनालाई लिनुपर्छ ।
राज्यको गुमेको आत्मविश्वास फर्काउन सकिएन भने कुनै पनि दिन मुलुकमा कुनै पनि दुर्घटना हुँदा सबै मूकदर्शक हुनुपर्ने अवस्था छ ।



**Suvash Acharya**
x.com/suvashacharya

कतै सिधै जवाफदेही नहुने सल्लाहाकारले सरकारी काममा हस्तक्षेपगरी निर्णय लिन बाध्य पार्छन् भने त्यो सरासर गैह्रकानूनी हर्कत हो,
यदि
सो निर्णय गलत पर्नगए सो कामको जवाफदेहिता भने सचिव,सहसचिव, मन्त्री, प्रममा जान्छ
यति जोखिम नी बुझ्न नसक्ने नेताले सल्लाहकारलाई डाडुपन्यू चै किन दिएका ?

# नदी तटीय क्षेत्रमा बाघको संख्या धेरै

**भीष्मराज ओझा/काठमाडौं**

नेपालमा तुलनात्मक रूपमा नदी तटीय क्षेत्रमा बाघको संख्या धेरै देखिएको छ । 'राष्ट्रिय बाघ सर्वेक्षण, २०८२' अनुसार चितवनको राप्ती र बर्दियाको कर्णाली नदी तटीय क्षेत्र वरपर बाघको संख्या धेरै रहेको पाइएको हो । बाघको संख्या नदी तटीय क्षेत्रमा धेरै र मानव गतिविधि हुने वन क्षेत्रमा तुलनात्मक कम देखिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिनुभयो ।

"चितवनको राप्ति नदी किनार क्षेत्रमा धेरै बाघ देखिएका छन्", उहाँले भन्नुभयो, "लालझाडी क्षेत्रमा भने वन अतिक्रमण, मानिसको आवतजावतलगायत कारणले होला बाघको उपस्थिति निकै कम देखियो ।"

कृषि, वन तथा पर्यावरणले विश्व बाघ दिवसका अवसरमा गत बुधबार 'राष्ट्रिय बाघ सर्वेक्षण, २०८२' को नतिजा सार्वजनिक गरेको थियो । पछिल्लो गणनाअनुसार नेपालमा बाघको संख्या ३५५ बाट बढेर ४२९ पुगेको छ। यस सर्वेक्षणमा विविध नयाँ र रोचक तथ्यहरु देखाएको छ। पछिल्लो सर्वेक्षणअनुसार चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दिया राष्ट्रिय निकुञ्ज ११२, पर्सा राष्ट्रिय निकुञ्जमा ७१, बाँके राष्ट्रिय निकुञ्जमा ५१ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० बाघ गणना गरिएका छन् ।

यस सर्वेक्षणमा बाघको आहारा प्रजातिको समेत सर्वेक्षण गरिएको छ । उक्त अध्ययनअनुसार सबैभन्दा बढी आहारा प्रजातिमा चित्तल देखिएको छ । त्यसपछि जरायो, बाह्रसिङ्गे, बँदेल, लगुना, रतुवा मृगलगायत देखिएका छन्।

नेपालले २००९ देखि हरेक चार वर्षमा बाघ गणना गर्दै आएको छ । सन् २०२२ को गणनाअनुसार चितवनमा १२८, त्यसपछि बर्दियामा १२५, पर्सामा ४१, शुक्लाफाँटामा ३६ र बाँकेमा २५ बाघको संख्या रहेको थियो । यसअघि नेपालमा बाघको संख्या सन् २०१० मा १२१, सन् २०१४ मा १९८ र २०१८ मा २३५ रहेको थियो । पछिल्लो सर्वेक्षणमा अर्को नयाँ विषय भनेको आफ्नो क्षेत्रमा आहारा प्रजाति हुँदाहुँदै पनि बाघको चलायमान लामो दूरीसम्म भएको देखियो", वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो, "बाघको चलायमान चितवनको कसरादेखि पर्साको अमलेखगञ्जसम्म एक महिना लामो भएको देखियो । यो चलायमान भाले बाघबीच क्षेत्रको प्रतिस्पर्धा वा पोथीको खोजी हुन सक्छ ।" बाघलाई पारिस्थितिकीय प्रणालीको छाता प्रजातिका रूपमा लिइन्छ ।



नेपालमा बाघ पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा निकुञ्ज एवं वरिपरिका वन क्षेत्रमा पाइन्छ। यस सर्वेक्षणमा अर्को देखिएको नयाँ विषय भनेको भाले बाघको सङ्ख्या औसतमा ३४ प्रतिशत र पोथी बाघको संख्या ५३ प्रतिशत देखिएको छ । बाँकी छुट्टिन नसक्ने गरी केही तस्बिर कैद भएको विभागको भनाइ छ ।

**मानव–बाघ द्वन्द्वको समाधान सहअस्तित्व**

जेडएसएल नेपालका राष्ट्रिय प्रतिनिधि डा भगवानराज दाहालले यस सर्वेक्षणबाट प्राप्त नतिजाले वासस्थान संरक्षण तथा व्यवस्थापन, चोरी–सिकार नियन्त्रण, आहारा प्रजातिको संरक्षण, जैविक मार्ग संरक्षण जस्ता प्रयासहरूको सकारात्मक परिणामलाई प्रतिबिम्बित गरेको बताउनुभयो ।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले बाघ तथा यसको बासस्थान संरक्षणसम्बन्धी आगामी नीति, योजना तथा कार्यक्रम निर्माणका लागि महत्वपूर्ण वैज्ञानिक आधार प्रदान गर्ने उहाँको भनाइ छ ।

"यो सरोकारवाला सबैको संयुक्त प्रयासको प्रतिफल हो, अब यस्तो प्रयास मानव–बाघ सहअस्तित्वका लागि लगाउनु आवश्यक छ", उहाँले भन्नुभयो । राष्ट्रिय प्रतिनिधि डा दाहालले मानव–बाघ द्वन्द्व न्यूनीकरणका लागि समुदायको आयको वैकल्पिक व्यवस्था गर्नुपर्ने तथा बाघप्रतिको व्यवहार परिवर्तन गर्नुपर्ने सुझाव दिनुभयो । यसका साथै प्रकृतिमा बाघको धान्ने क्षमताका बारेमा नयाँ अध्ययन गर्नुपर्ने उहाँको भनाइ छ।

आगामी दिनमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहसँगको समन्वय र स्थानीय समुदायको प्रत्यक्ष संलग्नता तथा संरक्षण साझेदार संस्थाको समेत सहयोगमा मानव बाघ सहअस्तित्व, बाघ संरक्षण तथा बाघको आनीबानी सम्बन्धी सचेतना कार्यक्रम, समस्याग्रस्त बाघको समयमा पहिचान गरी नियन्त्रण, बाघमा आधारित पर्यापर्यटन जस्ता कार्यक्रममा केन्द्रित भई शून्य मानवीय क्षतिको अवधारणामा काम गर्ने सोच रहेको निकुञ्ज विभागले जनाएको छ ।

वनमन्त्री गिता चौधरीले बाघको दिगो संरक्षणका लागि संघ, प्रदेश, स्थानीय तह, समुदाय र साझेदारबीचको बहुपक्षीय प्रयास आवश्यक रहेको बताउनुभएको छ ।

उहाँले स्थानीय समुदायको सहभागिता र स्वामित्व नै संरक्षणको आधारशिला भएको उल्लेख गर्दै संरक्षणसँगै यसको उपयोगितालाई पनि सरकारले प्राथमिकतामा राखेको जानकारी दिनुभयो । बाघ पर्यटनमार्फत रोजगारी सृजना, आयआर्जन र सामुदायिक अपनत्व अभिवृद्धि गरी स्थानीय जीविकोपार्जनलाई सुदृढ बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री चौधरीले सरकारले बाघ संरक्षण कार्ययोजना कार्यान्वयन गर्दै विभिन्न साझेदार सस्थाहरूको सहयोगमा बाघको बासस्थान तथा आहारा संरक्षणका लागि निरन्तर प्रयासहरु जारी राखेको बताउनुभयो।

बाघ नेपाललगायत भारत, चीन, बङ्गलादेश, भूटान, कम्बोडिया, लाओस, इन्डोनेसिया, मलेसिया, म्यान्मा, रसिया, थाइल्यान्ड र भियतनाम गरी एसियाका १३ देशमा मात्र पाइन्छ । विश्वमा सन् २०१० मा करिब तीन हजार २०० को संख्यामा रहेको बाघको संख्या सन् २०२५ को तथ्याङ्कअनुसार बढेर पाँच हजार ३५७ पुगेको छ। रासस

# लोककवि अलिमियाँ स्मृति दिवसमा आकाश अधिकारीका दुई कृतिको लोकार्पण

**भञ्ज्याङ समाचारदाता/पोखरा**

नेपाली लोकसाहित्यका अमर साधक लोककवि अलिमियाँको स्मृति दिवस आइतबार विविध कार्यक्रमका साथ मनाइएको छ। अलिमियाँ वाङ्मय प्रतिष्ठानको आयोजनामा पोखरा महानगरपालिका–११ स्थित भानु स्मारक पार्कमा आयोजित कार्यक्रममा लोककवि अलिमियाँप्रति माल्यार्पण तथा पुष्पाञ्जलि अर्पण गर्दै उहाँको साहित्यिक योगदानको स्मरण गरिएको हो ।



कार्यक्रमका प्रमुख अतिथि कुसुमाकर न्यौपानेले लोककवि अलिमियाँ नेपाली लोकसाहित्यका साझा सम्पदा भएको उल्लेख गर्दै उहाँका सिर्जनाले सांस्कृतिक सद्भाव, मानवीय मूल्य र राष्ट्रिय एकताको सन्देश प्रवाह गरेको बताउनुभयो। यस्ता स्मृति दिवसले नयाँ पुस्तालाई साहित्यिक तथा सांस्कृतिक धरोहरसँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो ।

सोही अवसरमा साहित्यकार आकाश अधिकारीद्वारा लिखित 'जादुमयी पखेटा' (बाल निबन्ध संग्रह) र 'चेतनाको चिराग' (बाल नाटक संग्रह) को संयुक्त रूपमा लोकार्पण गरिएको छ। प्रमुख अतिथि न्यौपानेले लोकार्पण गर्नुभएका यी कृतिहरु अधिकारीका पाँचौं र छैटौं प्रकाशित पुस्तक हुन्। बालसाहित्यका क्षेत्रमा प्रकाशित दुवै कृतिले बालबालिकामा सिर्जनशीलता, नैतिक चेतना, कल्पनाशीलता र सकारात्मक जीवनदृष्टिको विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरिएको थियो।

प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सरस्वती प्रतीक्षाको विशेष उपस्थिति रहेको थियो। वक्ताहरूले लोककवि अलिमियाँले नेपाली लोकगीत, लोकभाका र लोकसंस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा पुऱ्याएको ऐतिहासिक योगदानको चर्चा गर्दै उहाँका सिर्जनालाई भावी पुस्तासम्म पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रमको सञ्चालन अम्बिका प्रसाद भट्टराईले गर्नुभएको थियो। कार्यक्रममा साहित्यकार, संस्कृतिकर्मी, प्राज्ञ, स्रष्टा तथा साहित्यप्रेमीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

लोककवि अलिमियाँको स्मृतिमा आयोजित उक्त कार्यक्रमले नेपाली लोकसाहित्यका अग्रणी स्रष्टाप्रति श्रद्धाञ्जलि अर्पण गर्नुका साथै आकाश अधिकारीका दुई नयाँ बालसाहित्यिक कृतिको लोकार्पणमार्फत नेपाली बालसाहित्यको समृद्धिमा नयाँ योगदान थपिएको विश्वास व्यक्त गरिएको छ ।

**www.bhanjyangnews.com**
Email- bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४